सर्वोच्च अदालत, एक न्यायाधीशको इजलास
मानननीय न्यायाधीश श्री चोलेन्द्र शम्शेर ज.ब.रा.

आदेश

०७३-WO-११७०

मुद्दाः- उत्प्रेषण ।

अधिवक्ता सुनिल रञ्जन सिंह समेत ---------------------------------------- निवेदक

विरुद्ध

ब्यबस्थापिका संसद नयाँ बानेश्वर काठमाडौं समेत---------------------------- विपक्षी

यसमा के कसो भएको हो? निवेदकको माग बमोजिम उत्प्रेषणको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुनु नपर्ने मनासिव आधार कारण र प्रमाण भए सो समेत खुलाई सूचना म्याद प्राप्त भएको मितिले १५(पन्ध्र) दिनभित्र विपक्षी नं. १ र २ ले आफैं वा आफ्नो कानून बमोजिमको प्रतिनिधि मार्फत र अन्य विपक्षीहरूले महान्यायाधिवक्ताको कार्यालय मार्फत लिखित जबाफ पेश गर्नु भनी प्रस्तुत आदेश र निवेदन पत्रको प्रतिलिपि समेत साथै राखी विपक्षीहरूको नाममा म्याद सूचना जारी गरी लिखित जवाफ परे वा अवधि व्यतित भएपछि नियमानुसार पेश गर्नु।

निवेदकले माग गरेको अन्तरिम आदेश गर्दै गर्दा मेरो मन मलिन, उदास र अशान्त भैरहेको महशूस गरी रहेको छु । सम्माननीय प्रधान न्यायाधीश विरुद्धको महाअभियोगको प्रस्ताव दर्ता भएकै दिनदेखि यस संस्थाको सवै न्यायाधीशहरूको अनुहारमा बादल लागेको जस्तो हिन भावना जागृत भएको अवस्था प्रत्यक्ष देखिने गरी प्रतिविम्वित भैरहेको मैले देखेको छु, महसूस गरिरहेको छु। के यो चिन्ता र अवस्था कसैले महसूस गर्नु नपर्ने ? के यो चिन्ता र अवस्था नेपालको संविधानले संस्थापन गरेको स्वतन्त्र न्यायापालिकाका लागि हैन र ? आज यस महाअभियोग प्रस्तावबाट राज्यका तिनै अंग साथै राजनीतिक दल, नागरिक समाज सवै युद्धमै उत्रिएको सरि अगाडि बढी रहेको अवस्था देखिएको छ। के यस्तो अवस्थामा राज्यका तिनै अंग एक ठाउँमा बसेर यो समस्याको समाधान गर्न नसकिने हो र ? यो देशलाई सतिको श्राप छ भन्ने गरिन्छ, मलाई लाग्छ अब यो आदेश पश्चात सबैले बिचार गर्नै पर्छ। यो देश र जनतालाई उक्त श्रापबाट उन्मुक्ति पाउनबाट म भन्छु न्यायालय राज्यको अति संवेदनशील अंग हो यसका न्यायाधीशहरूबाट गरिने व्यवहार, आचरण र न्याय सम्पादन समेतमा गम्भिर बिचलन भएको हो, होइन? भन्ने विषयमा गम्भिर छलफल बौद्धिक रुपमा, नागरिक समाजमा भएर निस्कने परिणाम वस्तुगत, प्रमाण योग्य

आधार रहन्छ भने त्यस्ता प्रधान न्यायाधीश र न्यायाधीशका विरुद्धमा महाअभियोगको प्रस्ताव संवैधानिक, व्यवहारिक र जायज मान्न सकिन्छ। यस्तो अवस्था वाहेकमा प्रस्तुत हुने महाअभियोगको प्रस्ताव संविधानको मर्म र भावना अनुकुल मान्न सकिन्न। संविधानको उक्त पवित्र मर्म र भावनाबाट नै नेपालमा स्वतन्त्र न्यायपालिका रहेको छ, रहने छ, म समेत त्यसैमा प्रतिबद्ध छु। स्वतन्त्र न्यायपालिकाको अवधारणामा खेलबाड गर्दा कुनै पनि निकाय वा नागरिकको हकहितको संरक्षण हुन सक्दैन। यदि स्वतन्त्र न्यायपालिका रहेन भने कस्तो परिणाम निस्कन सक्छ भन्ने म कल्पना नै गर्न सक्दिन। आज स्वतन्त्र न्यायपालिकाको गरिमाको लागि, संरक्षणको लागि, भविष्यका सन्ततीका लागि समेत स्वतन्त्र न्यायपालिकाको मार्गलाई निरन्तर बगि रहन दिनु पर्छ भन्ने मुल्य र मान्यतालाई अघि बढाउनु नै मैले आफ्नो कर्तव्य सम्झेको छु ।

अतः प्रधान न्यायाधीश सुशीला कार्की विरुद्ध दर्ता भएको मिति २०७४।१।१७ को महाअभियोग प्रस्तावमा सर्वोच्च अदालतमा बिचाराधिन रहेको प्रहरी महानिरिक्षकको बढुवा सम्बन्धी मुद्दामा भएको फैसलालाई आधार मानी अन्य अभियोग लगाइएको देखिए पनि माथी उल्लेख गरिएको जस्तो आधारमा नआएको समेतबाट नेपालको संविधानको मर्म र भावना अनुकूल उक्त महाअभियोगको प्रस्ताव छैन भन्ने कुरा शुरु नजरमै देखिन आयो। सुविधा सन्तुलनको आधारमा यो निवेदनको टुङ्गो नलागे सम्म व्यवस्थापिका संसदको सचिवालयमा दर्ता भएको मिति २०७४।१।१७ को महाअभियोगको प्रस्ताव र व्यवस्थापिका संसदको महासचिवले जारी गरेको मिति २०७४।१।१७ को पत्र समेत यथास्थितिमा राख्नु साथै सम्माननीय प्रधान न्यायाधीश श्री सुशीला कार्कीलाई यथावत रुपमा आजै आफ्नो पदमा काम गर्न दिनु दिलाउन भनी विपक्षीहरूको नाउँमा सर्वोच्च अदालत नियमावली २०४९ को नियम ४१(१) बमोजिम अन्तरिम आदेश जारी गरिदिएको छ। यसको सूचना आजै विपक्षीहरूलाई दिई निस्सा मिसिल सामेल राख्नु।

न्यायाधीश

ईति सम्वत् २०७४ साल वैशाख महिना २२ गते रोज ६ शुभम् ------------------------।